आज मिति २०७८/०३/३० गते बुधबारका दिन ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी ढुण्डी प्रसाद निरौलाज्यूको अध्यक्षतामा आ.व. ०७८/०७९ को लागि जिल्ला दररेट अन्तर्गत निर्माण सामाग्री ढुवानी तथा उपकरणको भाडा र श्रमिकहरुको ज्याला दर निर्धारण लगायत बिषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ अनुसार जिल्ला दर निर्धारण समितिको बैठक देहायको उपस्थितिमा बसी देहायको निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष श्री ढुण्डी प्रसाद निरौला -प्र.जि.अ.–संयोजक-जिल्ला प्रशासन कार्यालय ललितपुर

सदस्य श्री रुद्र भुसाल - जि.स.स.-जिल्ला समन्वय समिति ललितपुर

सदस्य श्री मुन कुमार के.सी.-प्र.को.नि.- कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुर

सदस्य श्री कृष्ण कुमार के.सी. -प्रतिनिधि- ललितपुर निर्माण व्यवसायि संघ

सदस्य श्री मनोज न्याछ्यो- अध्यक्ष- उद्योग बाणिज्य संघ, ललितपुर

सदस्य श्री रुपकमान महर्जन-उद्योग बाणिज्य संघ, ललितपुर

सदस्य श्री नीता कुमारी इशर-इन्जिनियर- जिल्ला समन्वय समिति ललितपुर

सदस्य सचिव सुजन थापा-नि.सि.डि.ई- पूर्वाधार विकास कार्यालय ललितपुर

आमन्त्रित

श्री ललित कुमार बस्नेत -स.प्र.जि.अ.- जिल्ला प्रशासन कार्यालय ललितपुर

श्री राजदल गण, लगनखेल, ललितपुर

श्री रुद्र प्रसाद गौतम- महाशाखा प्रमुख- ललितपुर महानगरपालिका

श्री राम रतन साह- वरिष्ठ इन्जिनियर- ललितपुर महानगरपालिका

श्री निरन भट्टराई- प्रमुख कर अधिकृत- आन्तरिक राजस्व कार्यालय ललितपुर

श्री पूर्ण बहादुर महर्जन-इन्जिनियर- जिल्ला आयुक्तको कार्यालय ललितपुर

श्री भोज बाडे - ईन्जिनियर, जिल्ला आयोजना कार्यान्वयन ईकाई (भवन)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

तपसिल

**निर्णय नं. १ :** आ.व. ०७८/०७९ का लागि मिति ०७८/४/१ देखि ललितपुर जिल्लाभर हुने गरि संलगन प्रमाणित सूचि अनुसारका विभिन्न निर्माण सामाग्री मेशीन तथा उपकरणको भाडा र श्रमिकहरुको ज्याला दररेट स्वीकृत गर्ने ।

**निर्णय नं. २ :** श्रमिकहरुको उपलब्धताको आधारमा (श्रमिकको उमेर १६ वर्ष र दैनिक काम गर्ने अवधि ८ घण्टा) लाई आधार मानी गत आ.व. ०७७/०७८ मा कायम गरिएको ज्याला दरमा नेपाल राष्ट्रबैकको जयालादर सूचाङ्कको मान तथा प्रचलित बजार दरलाई आधार मानेर ५% ले वृद्धि गरी आ.व. ०७८/०७९ को लागि संलग्न सूचिमा उल्लेख भए बमोजिम श्रमिकहरुको ज्याला दर निर्धारण गर्ने ।

**निर्णय नं. ३ :** यसमा उल्लेख नभएका निर्माणसँग सम्बन्धीत अन्य आवश्यक सामाग्रीहरुको हकमा विभागीय नर्म्स प्रचलित कानून अनुसार दररेट प्रयोग गर्ने ।

**निर्णय नं. ५ :** पुरातात्विक महत्वका विभिन्न निर्माण कार्यहरुमा विशेष प्रकारको दक्षता र शिप भएका श्रमीकहरुको प्रयोग हुने भएकोले ती श्रमिकहरुको दैनिक ज्याला दररेट पुरातत्व विभागबाट स्वीकृत गरिएको दररेटलाई आधार मान्ने ।

**निर्णय नं. ६ :** मेशिन, औजार तथा उपकरणको भाडा दर सम्बन्धी मेशिन प्रयोग गरि सडक निर्माण गर्दा वा अन्य कार्य गर्नु पर्दा डोजर, एक्साभेटर, रोलर, ग्रेडर आदिको दर नेपाल सरकार सडक विभागबाट कायम गरिएको भाडा दरलाई कायम गर्ने.।